# नेपाल राष्ट्र बैंक
## मुद्रा व्यवस्थापन विभाग
## थापाथली

**परिवहन साधन भाडामा लिने बारे शिलबन्दी दरभाउ पत्र सम्वन्धी**

**सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०७१।०३।०८)**

यस विभागवाट नेपाल राष्ट्र बैंकका जिल्लास्थित कार्यालयहरु लगायत बिभिन्न जिल्लामा अवस्थित बाणिज्य बैंकहरुमा रहेका नोटकोषहरुमा आ.व. २०७१।७२ का लागि बैंकले तोकेको स्थानहरुमा तोडा चलान गर्नको लागि बस तथा ट्रक भाडामा लिनुपर्ने भएकोले भाडामा दिन इच्छुक फर्म/कम्पनीहरुबाट यस बैकवाट तोकिएको शर्तहरुको अधिनमा रही रीतपूर्वक सिलवन्दी दरभाउपत्र प्रस्ताव आव्हान गरिएको छ । दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १५ औं दिनको १५:०० बजे भित्र फाराम खरिद गरी १६ औं दिन दिनको १२:०० बजेभित्र ( उक्त दिन विदा पर्न गएमा विदा पश्चात कार्यालय खुलेको पहिलो दिन) सिलवन्दी दरभाउपत्र प्रस्ताव पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । दरभाउपत्र दाखिला गर्ने अन्तिम दिन दिनको १४:३० बजे यस विभागमा प्रस्तावदाता वा निजको आधिकारिक प्रतिनिधिको उपस्थितिमा (उपस्थित नभए पनि प्रस्ताव खोल्न वाधा नपर्ने) दरभाउपत्र प्रस्ताव खोलिनेछ । उक्त कार्य सम्वन्धी दरभाउ पत्रको अनुमानित लागत रु. ७,७१,४९५।- रहेको छ । दरभाउपत्र फाराम यस विभाग तथा टक्सार महाशाखा, सुन्धाराबाट रु. ५००।- (फिर्ता नहुने) तिरी खरिद गर्न सकिनेछ । प्रस्तावदाताले विडवण्ड वापत रु. २३१५०।- यस विभागको स.के.हि. धरौटी १३०९९०१-०११-०००-५२४ मा जम्मा गरेको सक्कल भौचर वा ईजाजत पत्र प्राप्त बैंक तथा वित्तीय संस्थाबाट जारी भएको न्यूनतम ७५ दिन अवधिको विडवण्ड पेश गर्नु पर्नेछ । प्रस्तावको मान्य अवधि प्रस्ताव पेश गर्ने अन्तिम मितिले ४५ दिनको हुनेछ । दरभाउपत्र सम्वन्धी अन्य शर्तहरु दरभाउपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन् । साथै यो सूचना यस बैंकको वेवसाइट **www.nrb.org.np** मा समेत हेर्न सकिनेछ ।

नेपाल राष्ट्र बैंक
मुद्रा व्यवस्थापन विभाग